आन्तरिक लेखा परीक्षण प्रतिवेदन

कार्यालयको नाम: राप्ती सोनारी गाउँपालिका, अगैंया, बाँके

आर्थिक वर्ष: २०८१।८२

मिति :- 2082-07-28

पद	नाम	कार्यकाल शुरु मिति	कार्यकाल सम्पन्न मिति	बेरुजु रकम
कार्यालय प्रमुख	दान बहादुर ऐडी	२०८१/०१/२४	हाल सम्म	
लेखा प्रमुख	गौरव कुमार लामिछाने	२०७६।१२।२८	हाल सम्म	

परिचय:

१.स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा बिधायिकी कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस राप्ति सोनारी गाँउपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारित सह अस्तित्व र समन्वयलाई प्रवद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस राप्ती सोनारी गाउँपालिका अन्तर्गत ९ वटा वडा १०४१.७३ वर्ग किलोमिटर क्षेत्रफल तथाजनगणना २०७८ का अनुसार ६६ हजार ४४५ जनसंख्या रहेको छ।

सि. न.	**गौ. भौ. न.**	मिति	स्रेस्ता परिक्षणबाट देखिएको बेरुजुको व्यहोरा	बेरुजु रकम
			आन्तरिक नियन्त्रण प्रणाली	
			आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम हरेक स्थानीय तहले आफ्नो आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था रहेकोमा छ।आर्थिक वर्षको अन्त्यमा आन्तरिक नियन्त्रण प्रणाली गाउँ कार्यपालिकाको बैठकबाट पारित भइ लागु भएको देखिन्छ।जुन कुरा सकरात्मक छ, आगामी दिनमा प्रभावकारी कार्यान्वयन गर्न तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ।	
			बजेट तथा कार्यक्रम	
			श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कुल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्राथामिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तथा गर्नु पर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट बर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुको साथै तयार भएको आगामि आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनु पर्नेमा ऐन वमोजिम समयमै बजेट सीमा निर्धारण गर्ने प्रयास यस गाउँपालिकाले गरेकोमा संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको सिलिङ्ग	

समयमै प्राप्त नहुदा पुर्णरुपमा कार्यान्वयन गर्न कठिनाई परेको हुदा समयमै अनुदानको सिलिङ्ग उपलब्ध गराउन तर्फ सम्बन्धित सरकारहरुले ध्यान दिन आवश्यक देखिन्छ।

बजेट तथा कार्यक्रम तर्जुमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको निति तथा कार्यक्रम बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथामिकिरण, विषय क्षेत्रगत कार्यक्रमयोजना तथा कार्यक्रमको दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको तथा निति तथा कार्यक्रम अनुसार वजेट तयार गर्न गरेको प्रयास सकरात्मक देखिन्छ।

स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक श्रोत अन्तर्गत खानी जंगल तथा अन्य श्रोत पूर्वधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङकन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धि निति कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।स्थानीय तहका हरेक प्राथामिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख व्यवस्थापनका लागी कानुन निर्माण गरी तथ्याङ्क संकलन तथा अभिलेखिकरण गर्न ध्यान दिनु पर्दछ।

सेवा प्रवाह

कोष

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २५ वमोजिम कानुन बमोजिम स्विकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नु पर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यन्वयन गर्नु पर्ने व्यवस्था गरेको छ। त्यस तर्फ कार्यालयले गरिएको प्रयास सकरात्मक छ, यसको प्रभावकारी कार्यान्वयन तर्फ ध्यान दिन आवश्यक देखिन्छ।

न्यायिक समिति-स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४६देखी ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्थामा समितिमा परेका केही उजुरीहरुको समयमै टुङ्गो लगाएको देखिदैन।

अनुदान फिर्ता विवरण र उपयोग

अनुदान फिर्ता-संघिय एंव प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण बाहेकका अनुदान खर्च नभई बाँकि रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ।प्राप्त विवरण अनुसार २०८२ असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता रकम रु.२००९०२२७। भएको देखिन्छ।

प्रदान गर्ने निकाय	प्रकार	प्राप्त रकम	खर्च	बाँकी
संघिय सरकार	शसर्त/विशेष /समपुरक	३६९५७६ ५३०	३५४००१ २०८	१५५७५३ २१
प्रदेश	शसर्त/विशेष	१५३१६९	१०८०२०	४५१४९०

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>सरकार</td><td>/समपुरक</td><td>८२</td><td>७६</td><td>६</td><td></td></tr></table></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>अनुदानको अनुगमन-सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान निती तय गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जिबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना:सार्वजनिक खरिद एन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकम खरिद गर्दा तोकिर बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । कार्यालयले नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई खरिद कार्य व्यवस्थित र प्रभावकारी वनाउन तर्फ ध्यान दिन आवश्यक देखिन्छ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>राजश्व दाखिला:प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३(३) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोहि दिन दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोहि एन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १० दिन भन्दा ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूर को मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्ने गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गतका राजश्व असुली तथा दाखिलाको विवरण अनुसार लेखा परिक्षण गरिएकोमा पालिका र वडा कार्यालयहरुले प्राप्त गरेको राजश्व रकम एनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको देखिएन । कार्यालयबाट भएको आम्दानी रकम सबैजसो जिम्मेवार कर्मचारीहरुले महिनामा एक पटक सम्बन्धित खातामा बैक जम्मा गरेको देखियो । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैक दाखिला गरेको विवरणमा भिडान गर्न कार्यमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>तलबी प्रतिवेदनः निजामति सेवा ऐन २०४९ अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नपर्नेमा तलबि प्रतिवेदन पारित नगरी गाउँपालिकाका कर्मचारीहरुको तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खर्च नियमावली —स्थानीय तहले ऐन, नियम, कानुन तयार गरी लागु गर्न सकिने व्यवस्था वमोजिम यस राप्ती सोनारी गाउँपालिकाले राप्ती सोनारी गाउँपालिकाको सार्वजनिक खर्च नियमावली २०८० जारी गरी लागु गरेको छ ।जुन सकरात्मकछ, यसको प्रभावकारी कार्यान्वयन गर्न तर्फ कार्यालयले ध्यान दिन आवश्यक देखिन्छ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>प्रकोप व्यवस्थाप कोषः यसमा देहायका व्यहोराहरु देखिएका छन् ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>समिति गठनः विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन एनमा प्रत्येक स्थानीय तहले बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद व्यवस्थापन समिति गठन गर्ने पर्ने व्यवस्था छ । पालिकाले</td><td></td></tr>
</table>

			एनमा तोकिए बमोजिमको समिति गठन गरेको छ ।		
			कार्य योजनाः विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन एन, २०७४ को दफा २९ मा जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावलि २०७६ को नियम ८ मा स्थानीय विपद व्यवस्थापन, प्रदेश विपद व्यवस्थापन कार्यकारी समितिबाट र कार्यकारी र कर्तव्य र अधिकार परिषद्, समितिको काम स्वीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद् पूर्व सबै पक्षको समन्वय र संलग्न गराउने, बजेट विनियोजन गर्न लगाउने । प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने समिति गठन गर्ने, तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, तथ्याङ्क अद्यावधिक गर्ने विपद् सूचना प्रणालि विकास र सञ्चालन, गरेको अनुगमन गर्ने सहितको कार्ययोजना तयारी, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम, घर परिवारको पहिचान गर्ने गराउने सम्बन्धि व्यवस्थाको कार्यन्वयनका लागी पालिकाले कार्यविधिहरु जारी गरी लागु गरेको छ कार्यविधिहरुको प्रभावकारी कार्यान्वयन तर्फ ध्यान दिनु पर्ने देखिन्छ।	०
			वार्षिक प्रतिवेदनः विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन एन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरि जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरि सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालन गर्नुपर्दछ ।	
			सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरणः स्थानीय सरकार सञ्चालन एन, २०७४ को दफा ९७ मा गाँउपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पतिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको मर्मत एवं संरक्षण गरेको अभिलेख राखेको पाइएनन् । अतः पालकाले आफ्नो क्षेत्र भित्रको सम्पति मर्मत सम्भार एवं संरक्षणका लागि समेत अभिलेख व्यवस्था रहेकोमा यस वर्षबाट अभिलेख संकलनको लागी पहल गरेको देखिन्छ।	
			रकमान्तर तथा श्रोतान्तरः- रासी सोनारी गाउँपालिकाको विनियोजन ऐन २०७४ र आर्थिक कार्यविधी नियमित तथा व्यवस्थित गर्न बनेको कानुन २०७७ मा व्यवस्था भए वमोजिम गाउँपालिकाको बजेट उपशिर्षक अन्तरगतको खर्च शिर्षकमा बचत हुने रकमबाट २५%मा नबढ्ने गरी गाउँ कार्यपालिकाले रकमान्तर गर्न सक्ने कानुनी व्यवस्था रहेको छ। गाउँकार्यपालिकाले गाउँपालिका अन्तरगतका र वडा समेत का गरी विभिन्न कार्यक्रम तथा आयोजनाको रकमान्तर गरिएको छ।तसर्थ सके सम्म रकमान्तर र शिर्षकान्तर गर्न नपर्ने गरी शुरुमा नै बजेट विनियोजन गरी कार्यान्वयन गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।	
			योजना अनुगमन/निरिक्षण तथा अन्तिम भुक्तानी:- स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम योजनाहरुको कार्य सम्पन्न पश्चात गठित अनुगमन समितिबाट हरेक योजना अनुगमन र निरिक्षण गरी अन्तिम भुक्तानी दिनु पर्दछ।तर कार्यालयले उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाहरुको मात्र अनुगमन गरी अन्तिम भुक्तानी गरेको देखियो।ठेक्का पट्टाका माध्यमबाट सम्पन्न भएका आयोजनाहरुको समेत अनुगमन निरिक्षण गरी अन्तिम भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ।यस आ.व.मा पालिकाले अनुगमन तथा सुपेरीवक्षण सम्बन्धि कार्यविधि बनाएको देखिन्छ जुन सकरात्मक छ।	

			कार्यस्विकार प्रतिवेदन -सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ। तर कार्यालयले निर्माण कार्यको अन्तिम भुक्तानी गर्दा कार्यस्विकार प्रतिवेदन तयार गर्ने गरेको देखिएन। अत नियमावली अनुसार निर्माण कार्य सम्पन्न भई अन्तिम विलको भुक्तानी गर्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने गरिनु पर्दछ।	
			गुणस्तर सुनिश्चितता -निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्रीको गुणस्तर सुनिश्चितताको लागी प्रयोगशाला परिक्षण गरिएको हुनु पर्दछ। निर्माण व्यवसायीले निर्माण कार्यमा प्रयोग गरेका डण्डी, गिट्टी, सिमेन्ट, बालुवा र सडक कालोपत्रे गर्ने कार्यमा प्रयोग गरिने विटुमिनको गुणस्तर परिक्षण गरेको छैन। उल्लेखित निर्माण सामाग्रीको strength test कार्यालयले गराउन लगाएको पनी देखिएन। निर्माण सम्पन्न पश्चात समेत गुणस्तर परिक्षण गराएको नदेखिएकोले गुणस्तर सुनिश्चितता हुन सकेन। गुणस्तरको सुनिश्चितता तर्फ कार्यालयले ध्यान दिन आवश्यक देखिन्छ। यस आ.व.मा ल्याब तयार भएकोमा आवश्यक पर्ने उपकरणहरुको व्यवस्थापन गरी परिक्षण कार्य सञ्चालन गर्न तर्फ कार्यालयले ध्यान दिन आवश्यक देखिन्छ।	
			जटिल संरचना निर्माण -सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन औजार उपकरणहरुको आवश्यकता नपर्ने श्रममुलक कार्यको जिम्मेवारी दिनु पर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. भवन पुल निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो। यस्ता कार्य व्यवसायि र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोल पत्र प्रतिस्पर्धा मार्फत गराउन तर्फ ध्यान दिनु पर्ने देखिन्छ।	
			विद्युतिय हाजिरी — यस राप्ती सोनारी गाउँपालिका गाउकार्यपालिका अन्तरगतका कार्यालयहरुमा कर्मचारीहरुका लागी विद्युतिय हाजिरी कार्यान्वयनमा ल्याउनु सुशासन प्रवर्धनका हिसाबले निकै सकरात्मक रहेको छ ।यसलाई कार्यालयमा कर्मचारीहरुले हाजिर लगाउन मिल्ने समय निश्चित गरेर अनिवार्य रुपमा बिहान र साझ हाजिर लगाउनु पर्ने व्यवस्था गरी अझै प्रभावकारी बनाउन सकिन्छ।	
			इन्धन कार्यालय प्रयोजन -कार्यालयले धिताल एण्ड धिताल्स ट्रेडर्स र विनोद आयल ट्रेडर्सबाट कार्यालयको नाममा इन्धन प्रयोग गर्ने गरेकोमा आर्थिक कारोबार गर्न अधिकार प्राप्त अधिकारी र अधिकार प्रत्यायोजन गरेका व्यक्तीहरु बाहेक अनाधिकारीक व्यक्तीहरुको स्लिपमा हस्ताक्षरको आधारमा इन्धन प्रयोग भई भुक्तानी भएको साथै कतिपय स्लिपहरुमा सवारी साधन नम्वर समेत उल्लेख नरहेको पाइयो। कार्यालयले इन्धन प्रयोगमा निम्न कुराहरुमा ध्यान दिन आवश्यक देखिन्छ। १. कार्यालयले इन्धन खर्चको अभिलेख व्यवस्थित तवरबाट राख्न ध्यान दिनु पर्ने देखिन्छ। २. आधिकारीक व्यक्तीहरुको आदेशका आधारमा मात्रै इन्धन प्रयोग गर्ने गर्नु पर्दछ।	
	२७ ९		**लागत साझेदारी** -गत आर्थिक वर्षको भुक्तानी दिन बाँकी शिर्षकबाट आदित्य ट्रेडिङ हाउसलाई साना सिचाई कार्यक्रम अन्तर्गत मोटर खरिद वापत बाँकी रकम भुक्तानी दिएकोमा देहाय वमोजिम देखियो। १. किसानको५०% साझेदारी वापत प्रति किसान ९६६३ का दरले २२२ जना किसान को रकम रु २१४५१८६। गाउँपालिकाको विविध खातामा जम्मा गरेको देखिन्छ। २. किसानको लागत साझेदारी कार्यक्रम किसानहरुलाई वितरण गरे नगरेको एकिन गर्न नसकिएको हुदाँ अनुगमन गर्न आवश्यक देखिन्छ।	

<table>
<tr><td></td><td></td><td></td><td>प्रयोजन नखुलेको बैठकमा भत्ता:लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा ४ (ख) बमोजिम स्पष्ट विषयबस्तु र कार्ययोजना बिनाको बैठकमा भत्ता प्रदान गर्नु हुदैन, साथै दफा ४ (ग) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बैठकमा भत्ता प्रदान गर्न पाईने छैन उल्लेख छ।निर्णय गर्नै नपर्ने निर्णय गरी बैठक लिएकाकेही उदाहरणहरु
<table>
<tr><td>क्र स</td><td>वडा कार्यालय</td><td>बैठकको विषय</td></tr>
<tr><td>१</td><td>वडा न १</td><td>कार्यालय परिसर सरसफाई गर्ने</td></tr>
<tr><td>२</td><td>वडा न ७</td><td>सुभकामना दिने</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>५६५</td><td>२०८२।०१।१५</td><td>मैत्रिपुर्ण खेलमा पुरस्कार -सहकारी दिवस र रक्तदान कार्यक्रमबाट गंगा कुमारी वलीलाई रकम रु ११२०००। भुक्तानी दिएको सहकारी दिवसका दिन सञ्चालित सहकारी कार्यालय दुई टिम बिचको मैत्रिपुर्ण फुटबल खेलमा एकलाई प्रथम र अर्कोलाई दोस्रो बनाई रकम रु १५०००। पुरस्कार वितरण गरेको पाइयो। जुन नियम संगत देखिदैन।</td><td></td></tr>
<tr><td></td><td>५७४</td><td></td><td>भित्ते पात्रो प्रकाशन - वडा न ७ को भित्ते पात्रो प्रकाशन खर्च शिर्षकबाट जोहन मिडिया एण्ड रिसर्च सेन्टरलाई भित्ते पात्रो प्रकाशन वापत रकम रु १९२३१२। भुक्तानी दिएकोमा
• २५०० प्रति भित्ते पात्रो वडा कार्यालयमा दाखिला भएकोमा भित्ते पात्रो वितरणको भरपाई संलग्न गर्नु पर्ने।
• एउटै वडामा २५०० भित्ते पात्रो प्रकाशन गर्नुले मितव्ययिता अपनाइएको देखिदैन।
• मु अ कर कट्टी नगरिएकोमा मु अ कर २२४२५। को ३०% ले हुन आउने रकम रु ६७२७। असुल उपर गर्नु पर्ने वा कर समायोजन पत्र पेश गर्नु पर्ने।</td><td>१९२३१२</td></tr>
<tr><td></td><td></td><td></td><td>जनप्रतिनिधिहरुलाई इन्धनको रकम भुक्तानी –जनप्रतिनिधिहरुलाई इन्धन सुविधा वापत सेवा सुविधामा रकम भुक्तानी गरी थप यसरी इन्धन वापतको रकम भुक्तानी दिनु नियमसंगत नदेखिएकोले कार्यालयले यस तर्फ ध्यान दिनु पर्ने देखिन्छ।
जनप्रतिनिधिहरुलाई इन्धन वापतको रकम भुक्तानी दिइएको केही उदाहरणहरु
<table>
<tr><td>भौ न</td><td>जनप्रतिनिधिहरु</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>१०८</td><td>लबराज खरेल</td><td>१९१२९</td><td></td></tr>
<tr><td>५३८</td><td>लबराज खरेल</td><td>१८६५६</td><td></td></tr>
<tr><td>७४४</td><td>लबराज खरेल</td><td>३१५४०</td><td></td></tr>
<tr><td>७३</td><td>मिन कुमार थारु</td><td>१०५००</td><td>भरपाई मार्फत</td></tr>
<tr><td>९१४</td><td>मिन राज खड्का</td><td>५८३०१</td><td></td></tr>
<tr><td>९१४</td><td>मदन थारु</td><td>१०५७८</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>सेवा खरिद -गाउँपालिकाले माता बागेश्वरी सेक्यूरीटी सर्भिस प्रा ली बाट सुरक्षा गार्ड सेवामा राखेकोमा रकम भुक्तानी गर्दा मु अ कर कट्टी नगरी भुक्तानी गर्दै आएकोमा कार्यालयले मु अ कर ऐकिन गरी मु अ करको ३०% रकम असुल गर्नु पर्ने वा कर समायोजन पत्र माग गर्नु पर्ने साथै हाजिर पुस्तिका विना तलब भुक्तानी दिने गरेकोमा सुरक्षा गार्डहरुको हाजिर प्रमाणित हुने कागजातहरुको आधारमा भुक्तानी दिनु पर्ने।</td><td></td></tr>
</table>

	१९ ५	२०८१ ।०९। ०१	**गाडी भाडा**- कार्यालयमा ४ वटा गाडीहरु हुदा हुदै थप गाडी भाडा लिन आवश्यकता पर्नुको उद्देश्य पुष्टयाई हुने कारण बेगर सवारी साधन भाडामा लिई दिनको ५५००। का दरले दुई दिनको ११०००/- मा बहाल कर कट्टी गरी राम दयाल थारुलाई भुक्तानी दिएकोमा कसले कुन प्रयोजनका लागी भाडामा लिएको हो सो समेत खुलाउनुपर्ने देखिन्छ।	९९००
	६६ ४	२०८२ ।०२। १२	**बढी रकम भुक्तानी** -विविध खर्च शिर्षकबाट आधारभुत स्वास्थ्य सेवा केन्द्र कमैंया डाँडा लाई रकम रु ७७६१८। भुक्तानी दिएकोमा रकम रु ४८६८४.१४।को बिल भरपाई संलग्न रहेको हुदाँ बिल भरपाई भन्दा बढी भुक्तानी दिएको रकम रु २८९३४।असुल उपर गर्नु पर्ने	२८९३४
	८० १	२०८२ ।०३। ०६	**मन्दिरको पुजारीलाई पारिश्रमिक** - दरबन्दी संरचना भित्ररहेका कर्मचारीहरुलाई वार्षिक स्विकृत कार्यक्रम भित्र रही पारिश्रमिक भुक्तानि दिन सकिने व्यवस्था रहेकोमा दरबन्दी संरचना भन्दा बाहिर जिल्ला समन्वय समितिको कार्यालय परिसरमा रहेको मन्दिरको पुजारीलाई कार्यपालिका र जिल्ला समन्वय समितिको निर्णयको आधारमा रकम रु १५०००। पारिश्रमिक भुक्तानी दिनु नियम संगत नदेखिएको।	१५०००
	९४ ०		**विपद स्वंयसेवक परिचालन तालिम**- विपद राहत उद्दार तथा पुनस्थापना शिर्षकबाट सशस्त्रका बिर बहादुर थारुलाई विपद स्वंयसेवक परिचालन तालिम संचालन गरे वापत रकम रु १५००००। भुक्तानी दिएकोमा देहाय वमोजिम पाइयो। • विल भरपाई रकम रु ८५८५०।को मात्रै संलग्न रहेको। • साझेदारी कार्यक्रममा सबै तर्फबाट गर्नु पर्ने कुल खर्च ३८९०००। खर्च गरेको बिल भरपाई संलग्न गर्नु पर्नेमा संलग्न नरहेको। • तालिमका प्रशिक्षक र प्रशिक्षार्थिहरुलाई भत्ता बुझाएको रकम रु २६२०००। को भरपाईमा बुझिलिनेको हस्ताक्षर नरहेको। • सहभागिहरुलाई तालिममा सहभागि प्रमाण पत्र दिएको प्रमाण संलग्न नरहेको। • निवेदकले ७४६००। मात्र भुक्तानी माग गरेकोमा बढी भुक्तानी दिनु नियमसंगत नदेखिएको हुदा माथि उल्लेखित बिल भरपाई पेश गर्नु पर्ने अन्यथा रकम रु ७५६००।सम्बन्धितबाट असुल उपर गर्नु पर्ने	
	९१ ४		**पुजिगत खर्च शिर्षक** —कुम्भर प्रतिक्षालय निर्माण लगायतका खर्च शिर्षकबाट वडा सचिव होमसुर्य के.सी.लाई रकम रु.१०७०००।भुक्तानी दिएकोमा कार्यालय सञ्चालन संग सम्बन्धित बिल भरपाई संलग्न रहेको पाइयो।प्रतिक्षालय निर्माण लगायतका शिर्षक संग सम्बन्धित निर्माण कार्य भएको भए सो को बिल भरपाई पेश गर्नु पर्ने	१,०७,०००/-
			पत्रपत्रिका - खर्चमा मितव्यिता कायम गर्नु पर्ने- स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रहि मितव्ययि र आवश्कताका आधारमा खर्च गर्न तर्फ ध्यान दिनु पर्दछ।	
			कार्यक्रममा दोहोरोपना —गाउँपालिकाले स्थानिय सञ्चार माध्यमहरु प्रवर्द्धन (१-९) शिर्षक लगायत गाउँपालिका र वडा भित्रका सम्पुर्ण सुचना प्रकाशनका लागी बजेट विनियोजन गरी कार्यक्रमहरु गरेकोमा सोही प्रकृतीको कार्यक्रम संग सम्बन्धित पत्रपत्रिकामा सुचना छपाई शिषर्कबाट विभिन्न वडा कार्यालयहरुले समेत बजेट बिनियोजन गरी कार्यक्रम गरेको हुदा कार्यक्रममा दोहोरोपना पर्न गएकोले नियम संगत देखिदैन।कार्यक्रमहरुमा दोहोरोपना नपर्ने गरी बजेट विनियोजन गर्न तर्फ कार्यालयले ध्यान दिन आवश्यक देखिन्छ।	
			फरक फरक दररेट/छुट —एउटै संचार माध्यमले फरक फरक दररेटमा कार्यालय तथा वडा	

<table>
<tr><td></td><td></td><td></td><td>कार्यालयहरु संग सम्झौता गरी कार्य गरेको पाइयो साथै केही पत्रपत्रिकाहरुले नियम अनुसार दिनु पर्ने छुट नदिएको देखिन्छ, दररेटमा एकरुपता र छुट रकम अनिवार्य गरी मितव्ययिता अवलम्बन गर्न तर्फ कार्यालयले ध्यान दिन आवश्यक देखिन्छ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>राजनैतिक पार्टी तथा संगठनहरुलाई आर्थिक सहयोग — राजनैतिक पार्टी तथा संगठनहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने कार्य नियम विपरितको कार्य भएको हुदा कार्यपालिकाको निर्णयको आधारमा राजनैतिक पार्टी तथा संगठनहरुलाई आर्थिक सहयोग उपलब्ध गराउन नहुने हुदा यस तर्फ कार्यालयले ध्यान दिन आवश्यक देखिन्छ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>दैनिक ज्यालादारीमा कर्मचारी —प्रकृया पुरा गरी ONM / दरबन्दी तेरिज र आवश्यकताका आधारमा स्थायी पदपुर्ती नभएका दरबन्दीहरुमा प्रतिषपर्धाबाट मात्र करार कर्मचारी नियुक्ती गर्न तर्फ कार्यालयले ध्यान दिन आवश्यक देखिन्छ।
दैनिक ज्यालादारीमा राखिएका कर्मचारीको केही उदाहरणहरु देहाय वमोजिम रहेका छन।
<table>
<tr><td>कर्मचारीको नाम</td><td>कार्यालय</td></tr>
<tr><td>महेन्द्र चौधरी</td><td>वडा न.४ कार्यालय</td></tr>
<tr><td>हेमन्ता कुमारी थारु</td><td>वडा न.९ कार्यालय</td></tr>
<tr><td>शंकर दमाई</td><td>एम्बुलेन्स चालक</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>शिर्षकान्तर — राप्ती सोनारी गाउँपालिकाको विनियोजन ऐन २०७४ र आर्थिक कार्यविधी नियमित तथा व्यवस्थित गर्न बनेको कानुन २०७७ मा व्यवस्था भए वमोजिम गाउँपालिकाको बजेट उपशिर्षक अन्तरगतको खर्च शिर्षकमा बचत हुने रकमबाट २५%मा नबढ्ने गरी गाउँ कार्यपालिकाले रकमान्तर गर्न सक्ने कानुनी व्यवस्था रहेको छ। गाउँकार्यपालिकाले गाउँपालिका अन्तरगतका र वडा समेत का गरी विभिन्न कार्यक्रम तथा आयोजनाको रकमान्तर गरिएको छ।तसर्थ सके सम्म रकमान्तर र शिर्षकान्तर गर्न नपर्ने गरी शुरुमा नै बजेट विनियोजन गरी कार्यान्वयन गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>आधिकार प्राप्त व्यक्ती बाहेकबाट सम्झौता -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ वमोजिम आर्थिक व्यायभार पर्ने कारोबारको सम्झौता गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई मात्र रहेने व्यवस्था रहको छ।अधिकार प्राप्त व्यक्ती बाहेकबाट गरिएका नियम विपरीतका सम्झौताका केही उदाहरणहरु देहाय वमोजिम रहेका छन ।अधिकार प्राप्त व्यक्तीबाट मात्र गएको सम्झौता आधिकारीक हुने हुदा अधिकार प्राप्त व्यक्तीबाट मात्र सम्झौता गर्ने गराउन तर्फ कार्यालयले ध्यान दिन आवश्यक देखिन्छ।
<table>
<tr><td>गो.भौ.न.</td><td>सम्झौताको विषय</td><td>सम्झौता कर्ताको नाम</td><td>कैफियत</td></tr>
<tr><td>१३१</td><td>सुचना प्रकाशन ०६</td><td>वडा अध्यक्ष</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>दोहोरोपना पर्न सक्ने — विपन्न नागरिकहरुका लागी सुरक्षित नागरिक आवास कार्यक्रम, वडा कार्यलयहरुबाट जस्तापाता खरिद गरी विवरणको कार्यक्रम लगायत अन्य कार्यक्रमहरुबाट समेत टिनको छानाका निर्माणका लागी रकम दिइएको हुदा एउटै लाभग्राही एउटै उद्देश्यको दुई वा सो भन्दा बढी कार्यक्रममा लाभग्राही हुन गई दोहोरोपना पर्न सक्ने तर्फ कार्यालयले ध्यान दिन आवश्यक देखिन्छ।</td><td></td></tr>
<tr><td></td><td>६</td><td>२०८१</td><td>बढी रकम भुक्तानी -गत वर्षको भुक्तानी दिन बाँकी शिर्षकबाट अधुरो शिव मन्दिर निर्माण वापत</td><td>१७८०७</td></tr>
</table>

		/०६/ १६	शिव मन्दिर संरक्षण समितिलाई रकम रु.२२०६२३।भुक्तानी दिएकोमा भुक्तानी बाँकिको कच्चावारीमा रकम रु २१४४७९। मात्र उल्लेख रहेको साथै भुक्तानीको लागि टिप्पणी र आदेशमा रकम रु.२०२८१६.१२ मात्र उल्लेख रहेकोमा टिप्पणी र आदेश भन्दा बढी भुक्तानी भएको रकम रु.१७८०६.८८। असुल उपर गर्नु पर्ने।	
	२३	२०८१ ।०९। २३	**ग्रेडर/ रोलर दस्तुर-** राजमार्ग देखी लाहुरे टोल सम्म बाटो स्तरोन्नती वापत लाली गुरास टोल विकास संस्थालाई रकम रु.७५४१२७।भुक्तानी दिएकोमा estimate अनुसार प्रयोग गर्नु पर्ने ग्रेडर र रोलर गाउँपालिकाको प्रयोग गरेकोमा ग्रेडर र रोलरको दस्तुर पालिकालाई तिरेको बिल संलग्न नरहेको हुदाँ ग्रेडर को दस्तुर रु १४५०० र रोलरको दस्तुर रु ११५००। गरी रकम रु २६०००।—असुल उपर गर्नु पर्ने देखिन्छ।	२६०००
	१३ १		**पुजिगत शिर्षकबाट छात्रवृत्ती वितरण-** गत वर्षको भुक्तानी दिन बाँकी पुजिंगत शिर्षकबाट होमसुर्य के सी लाई अध्ययनको छात्रवृत्ति वापतको रकम रु.४८४०००।भुक्तानी दिएकोमा देहाय वमोजिमको पाइयो। • गत वर्षको भुक्तानी दिन बाकी पुजिगत तर्फ भुक्तानी बाँकीको कच्चावारीमा उल्लेख गरेको नपाइएको हुदाँ भुक्तानी नियमसंगत नदेखिएको। • चालु तर्फको खर्चको भुक्तानी पुजिगत खर्च शिर्षकबाट गरिएको। • कार्यविधि नवनाई बिना आधार छात्रावृत्ती वितरण गर्नु नियम संगत नदेखिएको	
	१३ ३	२०८२ ।०३। १८	**खरिद इकाइ समितिको निर्णय वेगरको खरिद-**कम्प्यूटर खरिद / आधारभुत स्वास्थ्य केन्द्रमा डिपफ्रिज र सि सि क्यामेरा कम्प्यूटर डेस्टप खरिद शिर्षकबाट नियामत अलि साईलाई रकम रु ९४५००।को ल्यापटप खरिद गरे वापतको भुक्तानी दिएकोमा खरिद समितिको निर्णय बेगर नै खरिद गरिएको हुदा नियम संगत नदेखिएको ।	
	२० ६/ १४ /२ ५० /२ ५१		**कृषिजन्य मेसिनरी सामाग्री खरिद-** गाउँपालिकाले ५०% कृषि मेसिनरी औजार अनुदान कार्यक्रम अन्तरगत कुल रकम रु ६००६१७६।—को मोटर, मिनि टेलर, पावर टेलर र बोरिङ सिद्धबाबा हार्डवयर प्रा लिबाट खरिद गरेकोमा देहाय वमोजिम देखियो। • मु.अ. कर ऐन २०५२ तथा आर्थिक ऐन २०८१/८२ अनुसार मु. अ. कर छुट दिइएको मिनि टेलर र पावर टेलरको रकम रु ३२२६६०।— मु. अ. कर सहितको बिल भरपाई संलग्न रहेकोमा कर छुट दिइएको सामाग्रिमा कर लगाउनु नियमसंगत नदेखिएको हुदा असुल उपर गर्नु पर्ने रु.३२२६६०। • कृषकको तर्फबाट दाखिला गर्नु पर्ने ५०% रकम दाखिला नभएको हुदाँ सम्बन्धित कृषकबाट दाखिला गर्न लगाउनु पर्ने। • १५ वटा मोटर वितरण गरेको भरपाई संलग्न नरहेको हुदा भरपाई संलग्न गर्नु पर्ने।	
	२१ ३	२०८२ ।०३। २४	स्वास्थ्य चौकी आधारभुत स्वास्थ्य सेवा केन्द्र को न्युनतम सेवा मापदण्ड कार्यक्रम शिर्षकबाट कार्यक्रम सञ्चालन गरे वापत संदिप कुमार थारुलाई रकम रु १२४०००। भुक्तानी दिएको मा देहाय वमोजिम देखियो। • कार्यक्रम सञ्चालन निर्देशिका वमोजिम गाउँपालिका भित्र कायक्रम सञ्चालन गर्न जादा भ्रमण भत्ता लिन नमिल्ने व्यवस्था रहेकोमा पालिकाका कर्मचारीहरुले १२६००को भ्रमण भत्ता बुझिलिएकोमा उक्त रकम असुल उपर गर्नु पर्ने • HPMSS कार्यक्रममा सहभागि भएको भनि रामचन्द्र वलीको हस्ताक्षर बिना रकम रु ५६००। बुझिलिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी नदिई भत्ता वापतको रकम भुक्तानि लिएको पाइएको हुदाँ सो सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी उक्त रकम असुल उपर गर्नु पर्ने।	१८२००

गैरसरकारी सँस्थामार्फत गराईएका कार्य :- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दिर्घकालिन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । साथै सार्वजनिक खरिद नियमावलीको नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य मात्र सहकारी सँस्थाबाट गराउन सकिने व्यवस्था छ । पालिकामा उपलब्ध जनशक्तिले गर्नसक्ने कार्यमा समेत विभिन्न गैरसरकारी सँस्थाहारु मार्फत सोझै/सम्झौता गरि संचालन गरिएको देखिन्छ साथै गैरसरकारी संस्थाबाट कार्य गराउदा कार्यक्रममा खर्च भएर नजाने सामाग्री र बचेको खर्च भएर जाने सामाग्री कार्यालयमानै दाखिला हुने हुदा कार्यालयको जिन्सी आम्दानी बढ्छ एवम् गैरसरकारी संस्थाबाट कार्यक्रम गर्दा माथि उल्लेखित सामग्रीको विवरण मात्र देखिने र सामग्रीको अवस्था बारे जानकारी प्राप्त गर्न कठिनाई उत्पन्न हुन्छ। गैरसरकारी सँस्थाबाट संचालन भएका केही कार्यक्रमहरु उदाहरणका रुपमा देहाय बमोजिम रहेका छन।

गो.भौ.न.	कार्यक्रमको नाम	गैर सहकारी संस्थाको नाम	रकम	कैफियत
२९९	मधेसी मुस्लिम कार्यक्रम ०७	जेनी मल्टीभिजन प्रा ली नेपालगञ्ज	१४४०००	
३१०	एकल महिला कार्यक्रम ०६	भिजन नेपाल खजुरा	१४९१८५	
३११	दलित लक्षित कार्यक्रम ०६	भिजन नेपाल खजुरा	९५६५०	
३२३	महिला लक्षित कार्यक्रम ०७	भिजन नेपाल खजुरा	८९८२१	
४५३	महिला सम्बन्धि कार्यक्रम ०३	जनजागृती टोल विकास संस्था	२३४०००	

सोझै खरिदः- सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा २ बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारि खरिद गर्न हुन्न भनि कानुनि व्यावस्थ रहेतापनि तपसिलको कार्यालयले सार्वजनिक खरिद नियमावलीभुक्तानी २०६४ को ८५ को ४ बमोजिम एक लाख भन्दा बढी रकमको सोझै खरिद गर्दा सोहि नियमावलीको नियम १ को "क" बमोजिम दश लाख रुपैंया सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसमान खरिद गर्दा कम्तिमा तिनवटा आपूर्तिकताको दरभाउपत्र वा प्रस्तावना माग गरि खारिद गर्नु पर्छ ।

टुक्रा बिल :- सार्वजनिक खरिद नियमावली २०६४ को १० औ संशोधनको परिच्छेद ३ को नियम १९ को उपनियम १ र २ को "क" बमोजिम सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ति,फर्म,संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने र २ को "क" बमोजिम बिस हजार रुपैया भन्दा कम रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउदा मु.अ.कर दर्ता प्रमाणपत्र प्राप्त नगरेको फर्म बाट खरिद गर्न सकिन कानुनी प्राबधान छ तर कार्यालयले विभिन्न व्यक्ति,फर्म,संस्था वा कम्पनीबाट विभिन्न सामाग्री खरिद गर्दा विभिन्न मितिमा टुक्रा बिल बनाई खरिद गरेको देखिन्छ जुन नियमसम्मत देखिदैन।

<table>
<tr><td></td><td></td><td></td><td>मेसिनको प्रयोग —सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण वा संचालित हुने निर्माण कार्यमा एक्जाभेटर,डोजर,लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार नै जटिल प्रकृतीको काम भएको हुँदा मेसिन प्रयोग गर्नु पर्ने भनी प्राविधिकबाट सिफारिस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ। गाउँपालिकाले सडक निर्माण जस्ता निर्माण कार्यमा मेसिनबाट काम गराउने भनि लागत अनुमान तयार गरी काम गराएको देखियो।श्रम प्रधान काम उपभोक्ता समितिबाट गराउनु पर्ने नियमावलीको मनसाय भएता पनी मेसिनबाट गर्ने गरी लागत अनुमान तयार गरी काम गराएको देखियो, मेसिन प्रयोग नहुने काम उपभोक्ता समितिबाट गराउनु पर्ने नियमको मनसाय पालना भएको देखिएन।उपभोक्ता समितिले स्थानिय स्तरमा जनसहभागिता जुटाउन सक्ने श्रम प्रधान कार्य भन्दा बाहिर कार्य गर्ने प्रवृत्तिमा सुधार गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td></td><td>२२
४</td><td></td><td>श्रेस्ता पेश नगरेको -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ २(घ) र नियमावली २०७७ नियम ८४ बमोजिम कारोवारको लेखा राखी आन्तरिक लेखा परिक्षण गराउनु पर्ने व्यवस्था रहेको छ।प्राविधिक विद्यार्थि अध्ययन हुने विद्यालयलाई ल्याब सामाग्रि सहयोग अनुदान रकम रु २०००००।- लक्ष्मी मा.वि.मदुईलाई निकासा गरेकोमा बिल/भरपाई लेखा परिक्षणका क्रममा उपलब्ध नभएकोले पेश गरी नियमित गराउनु पर्ने रु..</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>बिद्यालयगत निकासा रजिष्टर- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ।कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ।</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>निशुल्क पाठ्यपुस्तक — पालिकाले पालिका भित्र रहेका विद्यालयहरुलाई पाठ्यपुस्तकको अनुदान वितरण गर्दा अनुदान रकम बराबरको पाठ्यपुस्तक खरिदको सक्कल बिल र खरिद गरिएको पुस्तक वितरणको भरपाई सुरक्षित साथ राख्नु पर्दछ। तर पालिकाले विद्यालयहरुलाई पाठ्यपुस्तकको लागी निकाशा दिएको मध्य निम्न विद्यालयहरुले घट्टी खरिद गरेको बिल भरपाई पेश गरेको बाँकी रकम सम्बन्धित विद्यालयहरुबाट असुलगर्नु पर्ने ।
<table><tr><td>बिद्यालयको नाम</td><td>असुल गर्नु पर्ने रकम</td></tr><tr><td>भानु प्रा वि सिक्टा</td><td>२०४१</td></tr><tr><td>ने रा प्रा वि खोकरी</td><td>८०२६</td></tr><tr><td>जय दुर्गा आ वि मदुवा</td><td>२८९८२</td></tr><tr><td>मदरसा मुस्ताकुल उलुम</td><td>८३९</td></tr></table></td><td>३९८८०</td></tr>
<tr><td></td><td></td><td></td><td>छात्रबृत्ती अनुदान — पालिकाले पालिका भित्र रहेका विद्यालयहरुलाई छात्रबृत्ती अनुदान वितरण गर्दा अनुदान रकम बराबरको खर्चको विल भरपाई संलग्न नरहेको र निकाशा दिएको मध्य निम्न विद्यालयहरुले कम खर्च गरेको बिल भरपाई पेश गरेकोले बाँकी रकम सम्बन्धित विद्यालयहरुबाट असुलगर्नु पर्ने ।
<table><tr><td>बिद्यालयको नाम</td><td>असुल गर्नु पर्ने रकम</td></tr><tr><td>कुश्मेश्वर मा वि कुसुम</td><td>४००</td></tr><tr><td>दुर्गा भवानी मा वि</td><td>४००</td></tr></table></td><td>११४००</td></tr>
</table>

			सुर्योदय प्रा वि गुर्दनगौडी	४००		
			ने रा मा वि गुलरी	४०००		
			सरस्वती मा वि पनेरीया	१६००		
			अमरज्योती मा वि नन्कौपुर	१४००		
			बालशान्ती आ वि भेलुनिया	३२००		

पेश्की बाँकी —आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७(१) अनुसार पेश्की फछ्यौट हुनु पर्दछ। कार्यालयबाट देहाय अनुसार संस्था, निर्माण व्यवसायी तथा कर्मचारीलाई भुक्तानी भएको पेश्की रु.२२०५२२४।—म्याद नाघेको देखिन्छ।म्याद नाघेको पेश्की नियमानुसार पेश्की फछ्यौट हुनु पर्ने रु.२२०५२२४ ।

क्र.सं.	पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिनेब्यक्ती फर्म वा कम्पनीको नाम	पद	पेश्की बाँकी रकम
१	कर्मचारी				
१	०४/०१/२०८१	वेरुजुफछ्यौंट सम्बन्धि कार्यक्रम	चेतबहादुर बोहरा	कार्यालयसहयोगी	१०००००.
२	०४/०१/२०८१	पानीतथा बिजुली	रुपेशकुमार श्रेष्ठ	सहायकपाँचौ	४०,०००.००
३	११/२५/२०८१	गाउँपालिकास्थापना दिवस र सम्मान कार्यक्रम	राजतिलक थापा	कम्प्युटरअपरेटर	२०००००.
४	०३/०२/२०८२	विपदराहत उद्दार तथा पुर्नस्थापना	प्रतापसिंह थारु	सहायकचौथौ	५०००००.
५	०३/११/२०८२	बेरुजुफछ्यौंट तथा अभिमुखिकरण कार्यक्रम	चेतबहादुर बोहरा	कार्यालयसहयोगी	१५००००.
६	०३/२५/२०८२	विद्यालयमाशैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	सितलबहादुर चाैधरी	सहायकचौथौ	१५००००.
७	०३/२५/२०८२	भ्रमणखर्च- पदाधिकारी	हरिप्रसाद थारु	हलुकासवारी चालक	१५००००.
				जम्मा	१२९००००.
२	संस्थागत				
१	०४/०१/२०८१	इन्धन (कार्यालय प्रयोजन)	विनोदआयल ट्रेडर्स		२६,१८१.००
२	०९/२८/२०८१	जनप्रतिनिधिर कर्मचारीहरुका लागि सकारात्मकसोच सम्बन्धी कार्यक्रम	कञ्चनप्राविधिक सिप विकास केन्द्र प्रा.लि.		१०००००.
३	११/२८/२०८१	साझेदारीप्रबर्द्धन कोष (निर्णय अनुसार सञ्चालन गर्ने)	नेपालविद्युत प्राधिकरण कोहलपुर		३९९०४३.
४	१२/२५/२०८१	स्वास्थ्यसंस्थाहरुलाई OPD शुल्क बापत नगद अनुदान तथा विभिन्न खर्च भएर जाने मसलन्द खर्चबापत अनुदान रकम स्वास्थ्य संस्थाहरुको खातामा सोझै भुक्तानी	श्रीबिनौना स्वास्थ्य चौकी		५०,०००.००
५	०३/२५/२०८२	इन्धन (कार्यालय प्रयोजन)	विनोदआयल ट्रेडर्स		१०००००.
				जम्मा	६७५२२४.

कुल जम्मा	१९६५२२४.